# गोदावरी नगरपालिका
# Godawari Municipality
गोदावरी नगरपालिका
## १२ नं. वडा कार्यालय / 12 No. Ward Office
ठेचो, ललितपुर / Thecho, Lalitpur
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal


प. सं / Let. No. ०८२/०८३
च. नं / Ref. No. ३५१

गोदावरी नगरपालिका १२ नं. वडा कार्यालय ठेचो, ललितपुर २०७३

मिति :-२०८२।५।१२

विषय :- शुभ-कामना

जेष्ठ नागरिकहरुलाई स्वास्थ्य राख्नको लागि विभिन्न नि:शुल्क स्वास्थ्य क्रियाकलाप सन्चालन गर्ने प्रमुख उद्देश्यले संस्था दर्ता ऐन २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय ललितपुरबाट २०७६ साल भाद्र १२ गते दर्ता नं. ५६९० मा विधिवत रुपमा दर्ता भई गोदावरी नगरपालिका वडा नं १२ ठेचोमा केन्द्रीय कार्यालय स्थापना भई जेष्ठ नागकिहरुको स्वास्थ्य अवस्थाको अभिलेखीकरण समेत गरिदै आएको प्रत्यक्ष अवलोकन गर्ने अवसर मिल्यो ।

जेष्ठ नागरिक चौतारी, ठेचोले गोदावरी नगरपालिका तथा समाज कल्याण परिषद अन्तंगत राष्ट्रिय जेष्ठ नागरिककोषको सह-प्रकाशनमा यस संस्थाको छैठो बार्षिक साधारण सभा २०८२ वरिष्ठ जेष्ठ नागरिक अभिनन्दन, ३५ औं अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस कार्यक्रमको शुभ-अवसरमा दर्पण "जेष्ठ नागरिक स्वास्थ्य विशेषाङ्क" (Senior Citizens Health Journal Book) को प्रकाशन गरी जेष्ठ नागरिकहरुको हात-हातमा स्वास्थ्य सम्वन्धि यो महत्पूर्ण पुस्तक पुग्न लागि रहेकोमा खुशी लागीरहेको छ ।

साथै यस संस्थाले हालसम्म बागमती प्रदेश अन्तरगत ३ जिल्लाहरुमा ९ (नौ )वटा कार्यक्षेत्र विस्तार गरी सेवा प्रदान गर्दै आउनुको साथै प्रथम चरणमा नमूना (Pilot Project) को रुपमा नेपाल राज्यको ७ वटा प्रदेश तथा दोस्रो चरणमा ७७ जिल्लाहरुमा नै कार्यक्षेत्र विस्तार गर्ने योजना तयार पारेको बारेमा पनि जानकारी लिन अवसर मिल्यो । अन्त्यमा यस संस्थाको भावी योजनानुसार जग्गा तथा अन्तराष्ट्रिय स्तरको जेष्ठ नागरिक स्वास्थ्य क्रियाकलाप केन्द्रको व्यवस्थापन जस्ता महान कार्यको लागि तिव्र गतिले अगाडि बढ्न लागेकोमा पुर्ण सफल्ताको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

........................................
जगत बहादुर महर्जन
(वडा अध्यक्ष)


जगत बहादुर महर्जन
वडा अध्यक्ष